# आधारभूत तह (कक्षा ६-८) को नेपाली विषयको पुनर्ताजगी शिक्षक तालिम पाठ्यक्रम

## १. परिचय

भाषा शिक्षण भाषिक सिपको शिक्षण हो । भाषा शिक्षणमा विषयवस्तुलाई भाषिक सिपहरूको शिक्षण गर्नका लागि उपयोग गरिन्छ । भाषिक सिपसम्बन्धी सामर्थ्य अभिवृद्धि गर्नु भाषा शिक्षणको मर्म भएकाले यसमा विषयवस्तुगत तथा शैलीगत विविधताको अनुभव गराउन अभ्यास र प्रयोग पक्षलाई विशेष जोड दिनुपर्ने हुन्छ । त्यसैले भाषा शिक्षणमा शिक्षकको महत्त्वपूर्ण भूमिका हुन्छ । भाषाका चारवटै सिपका माध्यमबाट भाषा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य हासिल गर्न शिक्षक क्षमतावान् हुनुपर्छ । शिक्षकको क्षमता विकास गराउने विभिन्न उपायहरूमध्ये तालिम पनि एक हो । तालिमको मुख्य प्रयोजन शिक्षण सिकाइमा सुधार ल्याउनु नै हो । तालिम पाठ्यक्रम सक्षमता तथा शिक्षकको माग र आवश्यकतामा आधारित हुन्छन् । शिक्षा तालिम केन्द्रले नमुना छनोटका आधारमा सङ्कलन गरेका शिक्षकका मागलाई समेट्ने गरी तालिम पाठ्यक्रमको रुपरेखा तयार पारेको छ । यस तालिम पाठ्यक्रममा शिक्षकलाई आफूले आर्जन गरेका शिक्षणसँग सम्बन्धित ज्ञान ,सिप र सक्षम अपेक्षित पाठ्यक्रमका गरी उपयोग रुपमा प्रभावकारी अझ कौशललाईताहरू हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । नेपाली भाषा शिक्षणका क्षेत्रमा नविन विधि तथा आधुनिक प्रविधिको प्रयोगमा शिक्षकको क्षमता अभिवृद्धि गर्न समेत यो पाठ्यक्रमले सहयोग पुऱ्याउने विश्वास लिइएको छ । यसले विभिन्न विधाका माध्यमबाट भाषिक सिपको शिक्षणमा शिक्षकलाई थप दक्ष बनाउने शिक्षणमा भाषा ,सूचना प्रयोगमा प्रविधिको जगाउने उत्प्रेरणा थप लागि बढ्नका अघि प्रविधिअनुकूल समसामयिक साथै बनाउनुका सक्षम शिक्षकलाई । छ गरिएको अपेक्षा

## २. तालिमको उद्देश्य

आधारभूत तहको नेपाली भाषा शिक्षणमा संलग्न शिक्षकहरूले विभिन्न साहित्यिक विधाहरूको उपयोगद्वारा भाषिक सिप विकास गरी विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार गर्नुपर्ने हुन्छ । भाषा शिक्षणका क्रममा आइपरेका समस्याहरू समाधानका लागि उपयुक्त विधि र प्रक्रियाको अवलम्बन गर्न मार्गनिर्देश हुने गरी सहजीकरण गर्नु यस तालिमको मुख्य उद्देश्य रहेको छ। तालिमका विषयवस्तु , र विधि सहजीकरण सहभागी अभ्यासमार्फतहरूछः गरिएको अपेक्षा हुने प्राप्ति उद्देश्य देहायअनुसारका मा

- उत्प्रेरणात्मक र सहभागितामुलक क्रियाकलापद्वारा शिक्षकको मागमा आधारित पाठ्यक्रमको महत्त्व बोध गरी तिनको प्रयोगसहित शिक्षण गर्नु
- भाषिक सिप विकासका लागि विभिन्न विधा र क्षेत्रको उपयोग गरी शिक्षण गर्नु
- कविता शिक्षणमा उपयुक्त विधि तथा प्रक्रियाको प्रयोग गर्नु

- भाषा शिक्षण सम्बद्ध शैक्षिक सामग्रीको निर्माण ,सङ्कलनगर्नु प्रयोग र
- सूचना प्रविधिको प्रयोग गरी नेपाली भाषा शिक्षण गर्नु
- कार्यमूलक व्याकरण शिक्षणका आधारभूत विधिको पहिचान गरी शिक्षण सिकाइमा प्रयोग गर्नु
- दोस्रो भाषाका रुपमा नेपाली शिक्षण गर्दा आइपर्ने समस्या पहिचान गरी प्रभावकारी तरिकाले शिक्षण गर्नु
- भाषिक मूल्याङ्कनमा विभिन्न पद्धति र साधनहरूको उपयोग गरी मूल्याङ्कन गर्नु

## ३. सक्षमता

आधारभूत तह (६-८) को मागमा आधारित यस तालिमले शिक्षकमा निम्नलिखित सक्षमता हासिल हुने अपेक्षा गरिएको छः

- भाषिक सिप शिक्षणका लागि प्रभावकारी विधि तथा प्रक्रियाको ज्ञान र प्रयोग
- कविताको लयबोध तथा सहजीकरण प्रक्रियाको ज्ञान र प्रयोग
- भाषा शिक्षण सम्बद्ध शैक्षिक सामग्रीको निर्माण ,सङ्कलन  प्रयोग र
- भाषा शिक्षणमा सूचना प्रविधिको प्रयोगसम्बन्धी ज्ञान र प्रयोग
- कार्यमूलक व्याकरण र भाषा तत्त्व शिक्षणका प्रभावकारी उपायको ज्ञान र प्रयोग
- दोस्रो भाषाका रुपमा नेपाली शिक्षण
- भाषिक मूल्याङ्कनको बोध र प्रयोग

## ४. तालिमका सिकाइ उपलब्धि

आधारभूत तह (६-८) को नेपाली भाषा विषयका शिक्षकमा यस तालिमले निम्नलिखित सिकाइ उपलब्धि हासिल हुने अपेक्षा गरिएको छः

- भाषिक सिप शिक्षण गर्दा प्रभावकारी विधि तथा प्रक्रियाको प्रयोग गरी प्रभावकारी शिक्षण गर्न
- कविताको लयबद्ध वाचन उपयुक्त विधिको प्रयोग गरी शिक्षण गर्न
- भाषा शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको खोजी  ,सङ्कलन , गर्न प्रयोग र निर्माण
- सूचना प्रविधिको प्रयोग गरी भाषा शिक्षण गर्न
- विधाका पाठहरूको प्रकृतिअनुसारका व्याकरण तत्त्वको पहिचान , उपयुक्त तिनको र पुनरुत्पादन भाषिक प्रयोग गर्ने क्षमता विकासका लागि उपयुक्त विधि र प्रक्रिया अपनाइ शिक्षण गर्न
- दोस्रो भाषाका रुपमा नेपाली भाषा शिक्षण गर्दा देखापर्ने समस्याको पहिचान गरी समाधान गर्न

- शिक्षणका क्रममा गरिने मूल्याङ्कनका आधारहरू पहिचान गरी यसलाई व्यावहारिक बनाउन तथा स्तरीय प्रश्न निर्माणका ब्लुम टेक्सोनोमीको प्रयोग गर्न

## ५. विषयवस्तुको क्षेत्र र विस्तृतीकरणको ढाँचा

| क्र.सं. | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित क्रियाकलाप | विधि | सत्र |
|---|---|---|---|---|---|
| १ | भाषा शिक्षणमा सूचना प्रविधिको प्रयोग | जुम ,इमेल ,मिट गुगल/ लगायत पावरप्वाइन्ट भाषिक सिप विकासका लागि प्रयोग हुने अन्य एपहरू | सूचना प्रविधि प्रयोगको अभ्यास<br>गुगल मिट आइडी जुम/ प्रयोग तथा निर्माण<br>भाषिक सिप केन्द्रित अन्य प्रविधिको प्रयोग | अन्तर्क्रिया , र छलफल प्रयोगात्मक | ३ |
| २ | कविता शिक्षण | मुक्त र बद्ध लय छन्द , ,वाचन लयबद्ध ,पहिचान क्रममा शिक्षणको कविता सिर्जनात्मक अभ्यास शिक्षण | नमुना प्रदर्शन , गण छन्दका लयबोध ,पहिचान सङ्केत ,भावबोध ,वाचन तथा कविता लेखन अभ्यास | अर्थबोध तथा व्याख्या विधि<br>सिर्जनात्मक अभ्यास | २ |
| ३ | भाषा शिक्षणमा शैक्षिक सामग्री निर्माण र प्रयोग | शैक्षिक सामग्रीका प्रकार<br>भाषिक सिप शिक्षणसम्बद्ध सामग्री<br>व्याकरण शिक्षण सम्बद्ध सामग्री | प्रविधि सम्बद्ध सामग्री निर्माणका प्रयोगात्मक कार्य | अभ्यास र प्रयोग विधि | १ |
| ४ | भाषिक सिपको शिक्षण | सुनाइ ,पढाइ ,बोलाइ , लेखाइ सिप विकासमा क्षेत्रका र विधा विभिन्न पाठहरू , भाषिक पुनरुत्पादन | विश्लेषणात्मक चिन्तन शिक्षण सिकाइ रणनीतिअन्तर्गतका<br>क्रियाकलाप तथा उत्प्रेरणा , दिगो तथा आर्जन ज्ञान अपनाइने चरणमा सिकाइको क्रियाकलाप | मस्तिष्क मन्थन<br>प्रदर्शन<br>अन्तर्क्रिया तथा छलफल विधि | ३ |
| ५ | कार्यमूलक व्याकरण शिक्षण | पदवर्ग ,वाच्य ,वाक्य , क्रियाको ,विभक्ति ,कारक अर्थ र भाव | पदवर्ग पहिचान र प्रयोग<br>वाक्य पहिचान र प्रयोग<br>वाच्य पहिचान र प्रयोग<br>कारक र विभक्ति पहिचान र प्रयोग | आगमन<br>भाषा संसर्ग विधि | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | क्रियाको भाव र अर्थ पहिचान र प्रयोग | | |
| ६ | दोस्रो भाषाका रुपमा नेपाली भाषा शिक्षण | दोस्रो भाषाका रुपमा नेपाली शिक्षणको महत्त्व<br>दोस्रो भाषाका रुपमा नेपाली शिक्षणका समस्या पहिचान र समाधान | त्रुटि क्षेत्र पहिचान<br>त्रुटि क्षेत्र विश्लेषण<br>समाधानका उपायहरूको विश्लेषण | भाषा अनुवाद विधि<br>अभ्यास विधि<br>व्याकरण अनुवाद विधि | १ |
| ७ | भाषिक मूल्याङ्कनका आधार | शिक्षणका क्रममा गरिने मूल्याङ्कनका आधार | अन्तर्क्रिया तथा विचार आदानप्रदान | छलफल , कार्यशाला प्रदर्शन तथा विधि | १ |
| ८ | स्तरीय प्रश्नपत्र निर्माण र प्रयोग | ब्लुम्स टेक्सोनोमीमा आधारित प्रश्नपत्र निर्माण | प्रश्नपत्र निर्माण तथा प्रस्तुतीकरण | छलफल , कार्यशाला प्रदर्शन तथा विधि | २ |

## ६. तालिम सहजीकरणका विधिहरू

तालिम सहजीकरण गर्दा निम्नलिखित विधिहरू अपनाउनुपर्ने छ ।यसका साथै अन्य उपयुक्त विधिहरू पनि अवलम्बन गरी सहजीकरण गर्न सकिने छः

- पावरप्वाइन्ट प्रस्तुतीकरण
- प्रश्नोत्तर
- छलफल
- समूह कार्य र प्रस्तुति
- निर्देशनात्मक खोज विधि
- परियोजना कार्य
- स्वाध्यायन अभ्यास
- प्रयोगात्मक विधि

## ७. सहभागीको मूल्याङ्कन

यस तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन तालिमका क्रममा सहभागीको नियमितता , । छ गरिने आधारमा सक्रियताका र सिर्जनात्मकता ,भुमिका गरेको निर्वाह ,जागरुकता सान्दर्भिक र अभ्यास ,छलफलप्रस्तुति सकिने गर्न समेत परीक्षण पश्च तथा पूर्व साथै काछ ।

## ८. तालिम सहजीकरण प्रक्रिया

यो तालिम ५ दिनको हुने छ । सामान्यतया तालिम बिहान १०:३० बजे सुरु भई साँझ ३:४५ बजेसम्म सञ्चालन हुने छ । तालिम प्रत्येक दिन १ घण्टा ३० मिनेटका ३ सेसन हुने छन् ।यस तालिममा सामान्यतया आधारभूत तह (६-८) मा शिक्षण गरिरहनुभएका शिक्षक र शिक्षकको पेसागत विकास तालिम लिइसकेका शिक्षकहरू सहभागी हुनु हुने छ । यो तालिमलाई काल¸ परिस्थिति र समयलाई मध्य नजर राख्दै अनलाइन तथा आमनेसामने माध्यमबाट सञ्चालन गरिने छ । समय परिस्थितिअनुसार तालिम बिहान र बेलुकाको समयमा पनि सञ्चालन गर्न सकिने छ ।

९. तालिम मूल्याङ्कन

यस तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन निरन्तर रुपमा उनीहरूले तालिमका क्रममा प्रदर्शन गरेका नियमितता। छ गरिने आधारमा सक्रियताका र भूमिका निभाएको ,जागरुकता सान्दर्भिक , ,छलफलसमूह र कार्य प्रस्तुति पनि परीक्षण पश्च तथा पूर्व साथै कामूल्याङ्कनक ा आधार हुने छन्। तालिमलाई समयसापेक्ष बनाउनका लागि तालिम समापन हुने दिन तालिमका सहभागीहरूलाई देहायको फाराम भर्न लगाई तालिमको मूल्याङ्कन गर्नुको साथै सहभागीहरूको राय सल्लाह लिइने पृष्ठपोषण / छः

मूल्याङ्कनका लागि देहायअनुसारको फाराममा पृष्ठपोषण सङ्कलन गरिने छः

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | श्रेणी मापन | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रभावकारी | सामान्य | कमजोर | |
| १ | तालिम विधि | | | | |
| २ | शिक्षकहरूको प्रयास | | | | |
| ३ | तालिम कक्ष | | | | |
| ४ | तालिम सामग्री | | | | |
| ५ | तालिम अवधि | | | | |
| ६ | अन्य | | | | |
| ७ | तालिमका राम्रा पक्षहरू | | | | |
| ८ | सुधार गर्नुपर्ने पक्षहरू | | | | |

## १०. कार्ययोजना तथा प्रतिबद्धता

यस पाठ्यक्रमका आधारमा सञ्चालन भएको तालिमबाट सिकेका ज्ञान ,सिप प्रयोग प्रविधिको र विद्यार्थीहरू दिन हुने समापन तालिम साथ उद्देश्यका पुर्याउने सहयोग वृद्धिमा उपलब्धि सिकाइ को सहभागी सबै तालिमकाहरू कार्ययोजनाको ढाँचामा देहायको लाई कार्यान्वयनमा प्रतिबद्ध बनाई तालिमबाट बिदा गरिने छ।

क. सहभागीहरूले तालिम अवधिमा सिकेका ज्ञान तथा सिपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तीमा पाँचओटा कार्यको दुईप्रति कार्ययोजना बनाइ एकप्रति तालिम संयोजन गर्ने जिम्मेवार व्यक्तिमार्फत शिक्षा तालिम केन्द्रमा बुझाउनुका साथै एक प्रति आफ्नो साथमा लिएर विद्यालयमा जानुपर्ने छ। आफ्नो साथमा भएको कार्ययोजनाको एकप्रति फोटोकपी विद्यालयका प्रधानाध्यापकलाई दिनुपर्ने छ भने विद्यालयमा गएर निर्मित कार्ययोजनाको कार्यान्वयनको सहजताका लागि तालिममा आफूले सिकेका कुराहरू आफ्ना सहकर्मीहरूमाझ स्टाफ बैठकमा प्रस्तुत गर्नुपर्ने छ। आफूले बनाएको

कार्ययोजनाको कार्यान्वयनका लागि विद्यालयमा सक्रियता देखाएर विद्यार्थीहरूको सिकाइमा सुधार देखाउनुपर्ने छ । कार्ययोजना तथा प्रतिबद्धतापत्र देहायबमोजिमको ढाँचामा तयार गर्नुपर्ने छः

| क्रसं. | क्रियाकलापहरू | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

ख. शिक्षा तालिम केन्द्रले विद्यालयको स्थलगत अनुगमनका क्रममा शिक्षकका प्रतिबद्धताहरू पूरा भए नभएको अनुगमन र पेसागत सहयोग गर्ने गराउने छ ।

ग. शिक्षकले जाहेर गरेका प्रतिबद्धताका बारेमा शिक्षा तालिम केन्द्रले विद्यालयका प्रधानाध्यापकसँग सम्पर्क गरी आवश्यक जानकारी लिन सक्नेछ ।

घ. विद्यालयले शिक्षा तालिम केन्द्रलाई पत्र तथा सञ्चारका माध्यमको प्रयोग गरेर अनिवार्य रुपमा शिक्षकले पेश गरेको कार्ययोजना अनुरूप कार्य भए नभएको जानकारी दिनुपर्ने छ ।

ङ. विद्यार्थीहरूको सिकाइ र विद्यालयका समग्र पक्षमा सुधार ल्याउन योगदान पुर्याउने शिक्षकहरूलाई मापदण्डका आधारमा विद्यालय र स्थानीय तहले आवश्यक प्रोत्साहन गर्नुपर्ने छ ।